"कृषी पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्था: २०७३

पत्र संख्या :- ०७९/८० (सा.वि.शा.)

चलानी न :-

१ नं. प्रदेश, नेपाल

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२४

यस चैनपुर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा १ (एक) जना **अपाङ्गता सहायता सहजकर्ता**को पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त आव्हान गरिएको छ । तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यताका प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको /राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस चैनपुर नगरपालिकाको कार्यालय समक्ष दरखास्त पेश गर्नु पर्ने छ । रित नपुगेको तथा प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्धारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नं. ०६।२०७९।०८०

२ पद : अपाङ्गता सहायता सहजकर्ता । ( अपाङ्गता भएको व्यक्ति मात्र)

३. माग संख्या : १ जना

४. सेवाको किसिम : करार सेवा ।

५. दरखास्त बुझाउने अन्तिम मिति : २०७९।१०। ०८ (अन्तिम मितिको दिन विदा भए सोको भोलीपल्ट सम्म)

६. उम्मेद्धारको छनौट विधि : अन्तरर्वार्ता ।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : नगर कार्यपालिकाको कार्यालय चैनपुर ।

८. परीक्षा दस्तुर : रु ३००। (तिन सय मात्र) । चैनपुर नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक चैनपुरमा रहेको संचीत कोष खाता नं. २०३०१००३०४०१०००२ मा वा राजश्व शाखामा रकम जम्मा गर्न सकिने छ ।

९. परिक्षा संचालन हुने मिति : दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको भोली पल्ट सूचना टाँस गरिनेछ ।

१०. दरखास्त स्वीकृत वा अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पुर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

११. मासिक तलब : करार सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

१२ उमेर : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

१३ आवश्यक न्यूनतम योग्यता :

क) नेपाली नागरिक ।

ख) अपाङ्गता भएका व्यक्ति ।

ग) मान्यता प्राप्त शिक्षण संस्थावाट +२ वा सो सरह उत्तीण गरेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

ङ) अपाङ्गता सम्वन्धि काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्वन्धि तालिम लिएको, दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ९८५२०५१३९२,९८५२०७७११, वेबसाइट :chainpurmun.gov.np, ई-मेल:chainpurmun@gmail.com